| जेडिएफ १०० | # आवासीय निष्कासनहरूका लागि मार्गदर्शन |
|---|---|

## चरणबद्ध रूपमा

### ① सूचना प्रदान गर्ने (घरमालिक)

बहालवालालाई किन/कहिले छोड्ने सूचित गर्नुहोस्

क) आफ्नो परिस्थितिसँग मिल्ने *सूचना प्रदान* गर्नुहोस्:

☐ जेडिएफ ९९ ए अनुपालनको माग

- भुक्तानी गर्न बाँकी बहाल
- लिज उल्लङ्घनहरू
- बाधा पुऱ्याउने व्यवहार

☐ जेडिएफ ९९ बि बहाल अन्त्य गर्नका लागि सूचना

- कबुलियत उल्लङ्घनहरूको पुनरावृत्ति।
- आपराधिक व्यवहार।

☐ जेडिएफ ९९ सि गल्ती-बिनाको निष्कासनको सूचना

- कबुलियत को नवीकरण नगरेको।

ख) यस *सूचनामा* बहालवालालाई उपयुक्त तवरले कसरी सूचना दिने भन्ने विषयमा जानकारी छ (सूचित गर्ने)।

ग) चरण २ भन्दा अघि *सूचनामा* उल्लेख भएको समय पर्खिने।

**अनिवार्य मध्यस्थता**

मुद्दा दायर गर्नुअघि आफूलाई मध्यस्थता आवश्यक छ कि छैन भनी हेर्न सूचना हेर्नुहोस् (चरण २) यदि त्यसो हो भने, यहाँ तय गर्नुहोस्:

**[www.ColoradoODR.org]**

### ② निष्कासन मुद्दा आरम्भ गर्ने (घरमालिक)

यी फारामहरू पूरा गर्ने। तपाईंले निम्न दायर गरेपछि अदालतको क्लर्कले सम्पर्क मिति तय गर्नेछन्:

☐ जेडिएफ १०१ सिकायत
☐ जेडिएफ १०२ सम्मनहरू(क्लर्कद्वारा)

प्रत्येक बहालवालाका लागि एउटा खाली फाराम प्रिन्ट गर्नुहोस्:

☐ जेडिएफ १०३ निष्कासन जबाफहरू
☐ जेडिएफ १०८ प्रलेखहरूका लागि अनुरोध

### ③ व्यक्तिगत सूचकद्वारा (घरमालिक)

निम्नसहित सम्पूर्ण चारवटा चरण २ फारामका प्रतिहरू स्थानीय सेरिफ वा प्रक्रिया सूचकलाई प्रदान गर्नुहोस्:

☐ जेडिएफ ९८ सूचनाको सपथपत्र (§§१-४४ सम्म मात्र पूरा गर्नुहोस्)

प्रक्रिया सूचकले सूचना प्रक्रिया पूरा गर्छन्, फारामहरू भरिसक्छन्, र तपाईंलाई फिर्ता गर्छन्। त्यसपछि, अदालतमा दायर गर्नुहोस्।

सूचना प्रदान गर्ने काम सम्पर्क मितिभन्दा कम्तीमा सात दिनअघि पूरा गर्नुपर्नेछ।

### ④ जबाफ (बहालवाला)

आफ्नो प्रतिक्रिया सम्पर्क मितिमा वा सोभन्दा अघि दायर गर्नुहोस् वा न्यायकक्ष आउँदा आफैं लिएर आउनुहोस्।

☐ जेडिएफ १०३ निष्कासन जबाफ

### ⑤ सम्पर्क मिति तथा सुनवाइ (दुवै पक्षहरू)

सम्पर्क मितिमा पक्षहरूले भेटेर मामिला समाधान गर्ने प्रयास गर्न सक्नेछन्। यदि सहमति भएन भने अदालतले सुनवाइ तय गर्नेछ।

यदि पक्षहरू सर्तहरूमा सहमत भए, निम्न दायर गर्नुहोस्:

☐ जेडिएफ १०६ ए निर्धारित सहमति
☐ जेडिएफ १०६ बि आदेश (§§ ए-सि सम्म मात्र गर्नुहोस्)

यदि सहमति भएन भने निम्न दायर गर्नुहोस्:

☐ जेडिएफ १०८ प्रलेखहरूका लागि अनुरोध

### ⑥ कार्यान्वयन(घरमालिक)

यदि निष्कासन गरियो भने अदालतले रिट जारी गर्नेछ।

☐ जेडिएफ १०९ पुनर्स्थापनाको रिट (न्यायाधीशबाट हस्ताक्षरित)

क) रिटमा उल्लेख भएको समयसम्म पर्खिने।
ख) निष्कासन कार्यान्वयन गर्नका लागि त्यसलाई सेरिफकहाँ लैजाने।

# बढी जानकारी

## फारामहरू फेला पार्नुहोस्

फारामहरू अदालतको वेबसाइटमा फेला पार्न सकिनेछ:

[www.ColoradoJudicial.gov]

## कसरी दायर गर्ने

मुद्दा आरम्भ गर्नुहोस्:

- बहालमा दिएको घर रहेको काउन्टीको अदालतमा मुद्दा दायर गर्नुहोस्।

मुद्दा आरम्भ भएपछि:

- आफैँ उपस्थित भएर, वा निम्नमा अनलाइन दायर गर्नुहोस्:

[www.jbits.courts.state.co.us/efiling]

डेनभर काउन्टी अदालतका मुद्दाहरूका लागि अनुपलब्ध।

## दायर शुल्कहरू

घरमालिक: $95-$265

बहालवाला: $0

यदि तपाईं यी शुल्कहरू वहन गर्न सक्नुहुन्न भने निम्न दायर गर्नुहोस्:

☐ जेडिएफ २०५ शुल्क छुट गर्ने प्रस्ताव

☐ जेडिएफ २०६ आदेश रे अदालत शुल्कहरू (§§ ए-सि सम्म मात्र गर्नुहोस्)

## अदालतमा उपस्थिति

तपाईं अदालतका कार्यक्रमहरूमा आफैं वा परोक्षबाट (इन्टरनेटमार्फत गरिने भिडियो सम्मेलन) उपस्थित हुन सक्नुहुन्छ।

गुनासो (जेडिएफ १०१) वा जबाफ (जेडिएफ १०३) मा आफ्नो प्राथमिकतामा चिह्न लगाउनुहोस्। वा निम्न फाराम दायर गर्नुहोस्:

☐ जेडिएफ १०५ दूर सहभागिताबारे सूचना

यदि छनोट गरिए, अदालतले तपाईंलाई परोक्षबाट कसरी सहभागी हुने भन्ने विषयमा जानकारी प्रेषित गर्नेछ।

## अतिरिक्त चरण ३ सूचना (घरमालिकहरूका लागि)

सम्मनहरूको समीक्षा (जेडिएफ १०५ § १३ पृष्ठ ४ मा) ४) वैकल्पिक सूचना विधिका लागि छोटकरीमा:

a) बहालवालाहरूलाई प्रेषित गर्नका लागि चरण २ का प्रलेखहरू तयार गर्नुहोस्।

b) दायर गर्दा (§ १३) सम्मनहरूमा यो कुरा उल्लेख गर्नुहोस्।

c) आफूले अदालतमा दायर गरेको *तुरुन्तै* पछि (दोस्रो कार्यदिन भित्रमा) ती प्रतिलिपिहरू (मुद्दा सङ्ख्या तथा सम्पर्क मितिसहित) बहालवालाहरूलाई हुलाकबाट प्रेषित गर्नुहोस्।

d) र पनि प्रलेखहरू घरमा पनि पोस्ट गरिएका थिए भन्ने देखाउँदै जेडिएफ ९८ बुझाउनुहोस् (प्रक्रिया सूचक वा सेरिफद्वारा हस्ताक्षरित)

त्यसपछि, यदि तपाईं व्यक्तिगत सूचना पूरा गराउन सक्नुहुन्न भने,

a) अदालतले अझ पनि निष्कासनको आदेश दिन सक्नेछ।

b) तर, अदालतले तपाईंलाई रकमी न्याय प्रदान गर्न सक्नेछैन।

### भुलचूक

मुद्दामा निम्न स्थितिमा भुलचूक हुन जान्छ:

a) बहालवालाले जबाफ (जेडिएफ १०३) दायर गर्दैनन्;

b) बहालवालाले प्रतिदाबीहरू गर्दा घरमालिकले जबाफ (जेडिएफ ७४) दायर गर्दैनन्;

c) वा कुनै पक्ष सुनवाइमा उपस्थित हुँदैन।

त्यसो हुँदा निम्न दायर गर्नुहोस्:

☐ जेडिएफ १०७ ए फैसला प्रवेशका लागि प्रस्ताव

☐ जेडिएफ १०७ बि फैसला आदेश (§§ ए-सि सम्म मात्र गर्नुहोस्)

## मेरा टिपोटहरू

- §§ को अर्थ "खण्डहरू" हुन्